# प्रथम

# वार्षिक प्रतिवेदन

## (२०७६ श्रावण-२०७७ आषाढ)

# प्रदेश लोक सेवा आयोग

## प्रदेश नं. ५, बुटवल

# प्रथम

# वार्षिक प्रतिवेदन

## (२०७६ श्रावण-२०७७ आषाढ)

## प्रदेश लोक सेवा आयोग

### प्रदेश नं. ५, बुटवल

# प्रदेश लोक सेवा आयोग

**सम्पर्क:**

**प्रदेश लोक सेवा आयोग**

**ठेगाना:**

**प्रदेश नं. ५, बुटवल, रुपन्देही**

**सम्पर्क नं.**

**०७१-५४१०६२,**

**०७१-५४१४८४**

**इमेल:**

info@ppsc.p5.gov.np

loksewa.p5@gmail.com

**वेबसाइट:**

www.ppsc.p5.gov.np

प्रदेश लोक सेवा आयोग ऐन, २०७६

को दफा ४३ बमोजिम

माननीय प्रदेश प्रमुखसमक्ष प्रस्तुत गरिएको

प्रदेश लोक सेवा आयोगको

# प्रथम वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा प्रदेश लोक सेवा आयोग स्थापना

भएको दिन २०७६ श्रावण २८ देखि

२०७७ आषाढ ३१ सम्मका काम

कारवाहीहरू समेटिएका छन् ।

# प्रदेश लोक सेवा आयोग

**प्रदेश नं. ५, बुटवल**

मितिः २०७७।०५।०७

**विषयः आयोगको प्रथम वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको सम्वन्धमा ।**

माननीय प्रदेश प्रमुखज्यू,

प्रदेश नं.५, बुटवल, नेपाल ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०७६।०७७ मा सम्पादन गरेका काम-कारवाहीहरुको बार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

भवदीय,

(प्रा. डिलाराम भट्टराई)
अध्यक्ष

(बाबुराम गौतम)
सदस्य

(सूर्यप्रसाद भुसाल)
नि. सचिव

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरु



**प्रा. डिलाराम भट्टराई**
अध्यक्ष




**बाबुराम गौतम**
सदस्य




**सूर्यप्रसाद भुसाल**
नि. सचिव

# नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा



# प्रदेश नं. ५ को राजनीतिक तथा प्रशासनिक नक्सा




(For Internal Use Only)

Note: This map has been compiled from various sources. Administrative Boundary used in the map is as per data made available by Survey Department of Nepal.

# कार्यकारी सारांश

नेपालको संविधानको धारा २४४ मा प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था भएको र संघीय संसदले प्रदेश लोक सेवा आयोग आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बनाई जारी भएको छ । संविधान र ऐनमा भएका व्यवस्थाहरु बमोजिम प्रदेश नं. ५ ले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बनाई प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था गरिएको र अध्यक्ष तथा सदस्यहरुको नियुक्ति भई अध्यक्ष र एक जना सदस्यको सपथग्रहण पश्चात् आयोगको काम अघि बढिरहेको छ । आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश लोक सेवा आयोगले गरेका कामहरु समेटेर प्रस्तुत प्रथम वार्षिक प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा पाँच वटा परिच्छेदहरुमा समावेश भएका विषयवस्तुहरु देहाय बमोजिम रहेका छन् ।

- परिच्छेद १ प्रदेश लोक सेवा आयोगको गठन र कार्यक्षेत्र,
- परिच्छेद २ आयोगको कार्य सम्पादनका आधारहरु,
- परिच्छेद ३ प्रशासन तथा वित्त व्यवस्थापन,
- परिच्छेद ४ कानून र पाठ्यक्रम निर्माण तथा गोष्ठी सञ्चालन,
- परिच्छेद ५ जनशक्ति व्यवस्थापन सम्बन्धी सुझावहरु र केही तालिका एवम् तस्वीरहरु रहेका छन् ।

आर्थिक वर्ष २०७६/०७७ प्रदेश लोक सेवा आयोग गठनको वर्ष भएको हुँदा यस वर्षमा आयोगले कानून र पाठयक्रम निर्माण गर्ने, विज्ञहरुको विवरण लिने, संगठन तालिका तथा दरबन्दी स्वीकृत गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने, महाशाखा र शाखाहरुको कार्यविवरण स्वीकृत गर्ने, कार्यालय व्यवस्थापन गर्न साधन स्रोतहरुको व्यवस्था गर्ने प्रदेश तथा जिल्ला स्तरमा आयोगको काम कर्तव्य र भावी कार्यदिशा बारे गोष्ठीहरु सञ्चालन गरेर राय सुझाव लिने कार्य गरेको छ ।

कानून निर्माणतर्फ आयोगले प्रदेश लोक सेवा आयोग नियमावली, २०७६, प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६, प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन  कार्यविधि, २०७६ र प्रदेश लोक सेवा आयोगको आचारसंहिता, २०७६ निर्माण एवम् स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । आयोगले ऐन र नियमावलीको पुस्तक र समचारपत्र प्रथम अंक प्रकाशन गरेको छ ।  पाठयक्रम निर्माणमा आयोगले स्वास्थ्य सेवातर्फ मेडिकल अधिकृत, दन्तचिकित्सक र आयुर्वेद चिकित्सक आठौं तहको, इन्जिनियरिङ्ग सेवा सिभिल समूह तर्फ जनरल, हाइवे आदि छ उपसमूहहरुको सातौं तहको र प्रशासन सेवा तर्फ पाँचौ तहका पाठयक्रमहरु निर्माण गरी वेभ साइटमा राखिएको छ । यस आ.व. मा जम्मा १२ बैठक बसी ३१ ओटा निर्णयहरु गरिएको छ । साथै स्वास्थ्य र इन्जिनियरिङ्ग सेवाका उपर्युक्त पदहरु माग भई आएमा पदपूर्ति गर्न आयोग तयार रहेको व्यहोरा निर्णय गरी प्रदेश सरकारमा अनुरोध गरी पठाइसकिएको छ ।

आयोगको अस्थायी स्वीकृत दरबन्दी भित्र रही जम्मा १२ जना कर्मचारी कार्यरत रहेका र ५५ जनाको दरबन्दी र संगठन तालिका प्रस्ताव गरी स्वीकृतिका लागि प्रदेश सरकारमा अनुरोध गरी पठाइएको छ।

प्रस्तुत प्रतिवेदनको परिच्छेद ५ सुझावहरुमा प्रदेश सरकारले बनाउनु पर्ने ऐनहरु, स्थानीय र प्रदेश स्तरका कर्मचारीहरुको अभिलेख व्यवस्थापन, तालिम, प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास, आयोगले पूर्ण रुपमा काम गर्नु पर्दा थप हुनु पर्ने भवन, भौतिक पूर्वाधार, जनशक्ति र स्रोतसाधनबारे सुझावहरु प्रस्तुत गरिएको छ ।

# धन्यवाद ज्ञापन

प्रदेश लोक सेवा आयोग, प्रदेश नं. ५ का पदाधिकारीमा नियुक्ति गर्ने माननीय प्रदेश प्रमुखज्यू र नियुक्तिको लागि सिफारिस गर्ने माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा रहेको समिति तथा अध्यक्षको शपथग्रहण गराउने उच्च अदालतका माननीय मुख्य न्यायाधिशज्यूप्रति कृतज्ञता ज्ञापन गर्दै आयोगको गठन पश्चात् यसको स्थापना गर्न र यसका काम अगाडि बढाउन भौतिक, मानवीय तथा अन्य साधन स्रोत उपलब्ध गराउने प्रदेश सरकारलाई आयोग धन्यवाद ज्ञापन गर्दछ ।

आर्थिक वर्षभर आयोगको कामका सिलसिलामा पाठ्यक्रम निर्माण गर्दा विज्ञको रुपमा काम गरी योगदान गर्ने विभिन्न विज्ञहरु, आयोगका अन्तरक्रिया गोष्ठीको समन्वय गरिदिने जिल्ला समन्वय समितिका प्रमुखहरु र जिल्ला समन्वय अधिकारीहरु तथा आयोगको कार्यसम्पादनमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने सबै महानुभावहरुलाई आयोग हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

यसै गरी आयोगको कामलाई अग्रगति दिन वर्षभरि काम गर्ने र यहाँको हातमा रहेको प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनु भएका आयोगका नि. सचिवसहित सबै कर्मचारीहरुलाई प्रदेश लोक सेवा आयोग धन्यवाद प्रदान गर्दछ ।

# विषय सूची

**विवरण** **पृष्ठ नं.**


**परिच्छेद १**

**प्रदेश लोक सेवा आयोगको गठन र कार्यक्षेत्र**

१.१ पृष्ठभूमि १
१.२ आयोगको गठन २
१.३ काम, कर्तव्य र अधिकार २
१.४ प्रतिवेदन ४

**परिच्छेद २**

**आयोगको कार्यसम्पादनका आधारहरु**

२.१ संस्थागत प्रवन्ध ५
२.१.१ संविधान ५
२.१.२ कानूनहरु ६
२.२ संगठनात्मक संरचना र कार्यक्षेत्र ७
२.३ कार्य सम्पादनका सिद्धान्तहरु १३
२.४ कार्य सम्पादन प्रकृया र कार्यप्रवाह १५
२.४.१ वार्षिक कार्य तालिका १५
२.४.२ विज्ञापन प्रकाशन १६
२.४.३ दरखास्त संकलन १६
२.४.४ लिखित परीक्षा १६
२.४.५ उत्तरपुस्तिकामा संकेतीकरण र परीक्षण १७
२.४.६ लिखित परीक्षा नतिजा, प्रयोगात्मक परीक्षा, सीप परीक्षण, अन्तर्वार्ता र सिफारिस १७
२.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन १९

**परिच्छेद ३**

**प्रशासन तथा वित्तव्यवस्थापन**

३.१ वैठक तथा निर्णय २०
३.२ आयोगको कर्मचारी दरवन्दी र विद्यमान व्यवस्था २५
३.३ बजेट, निकासा र खर्च २५
३.४ वेवसाइट सञ्चालन २७
३.५ भौतिक अवस्था २७

## परिच्छेद ४
## कानून र पाठ्यक्रम निर्माण तथा गोष्ठी सञ्चालन


४.१ प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ निर्माण २८
४.२ प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६ निर्माण २९
४.३ प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिकाको तयारी २९
४.४ पाठ्यक्रम निर्माण २९
४.५ प्रदेशस्तरमा अन्तरक्रिया गोष्ठी सञ्चालन ३०
४.६ लोक सेवा आयोगसंग समन्वय र सहयोग ३०
४.७ जिल्लास्तरमा अन्तरक्रिया गोष्ठी सञ्चालन ३१
४.७.१ गोष्ठीका उद्देश्यहरु ३१
४.७.२ गोष्ठीका विषयवस्तुहरु ३१
४.७.३ गोष्ठीमा सहभागिता ३२
४.७.४ सहभागिहरुको संख्यात्मक विवरण ३२
४.७.५ गोष्ठीमा आयोगबाट सहभागिता ३२
४.७.६ गोष्ठीका छलफलका मुख्य बुँदाहरु ३३
४.७.७ जनप्रतिनिधीबाट उठाइएका मुख्य बुँदाहरु ३३
४.७.८ कर्मचारीहरुबाट उठाइएका मुख्य बुँदाहरु ३४
४.७.९ जनशक्ति सम्वन्धी समस्याहरु ३४
४.७.१० जनशक्ति सम्वन्धी समस्या समाधानका लागि सुझाव ३५
४.८ प्रकाशन ३५
४.९ दक्ष/विज्ञ/विशेषज्ञहरुको रोष्टर निर्माण ३५


## परिच्छेद ५
## सुझावहरु


५.१ सुझावहरु ३६


**तालिकाहरु**


१. मौजुदा संगठन तालिका ८
२. हालको दरवन्दी र पदपूर्तिको अवस्था १०
३. प्रस्तावित संगठन संरचना ११
४. प्रस्तावित दरवन्दी तालिका १२
५. पदपूर्ति सम्वन्धी कार्य प्रवाह १८
६. आयोगका वैठक तथा निर्णयहरु २१


**अनुसूची**


१. कार्यरत कर्मचारीहरुको नामावली ३८
२. आयोगका विभिन्न गतिविधिहरुको तस्विरहरु ३९

# परिच्छेद १

# प्रदेश लोक सेवा आयोगको गठन र कार्यक्षेत्र

## १.१ पृष्ठभूमि

नेपालको संविधानको विकास क्रममा वि.सं. २०७२ सालमा प्रथम पटक संविधान सभाबाट निर्मित नेपालको संविधान जनसमक्ष आयो । यस संविधानमा नेपालमा संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्था रहने र संविधानको भाग २३ धारा २४२ मा संघमा एक लोक सेवा आयोग रहने व्यवस्था गरिएको छ। त्यस्तै सोही भागको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने तथा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको प्रयोजनको लागि संघीय संसद्ले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था गरिएको छ ।

संघीय संसद्ले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्वन्धी आधार र मापदण्ड निर्धारण गर्न प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बनाई जारी भएको छ । प्रस्तुत ऐनका प्रावधानहरु अन्तर्गत रही प्रदेश पाँचको प्रदेश सभाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बनाई मिति २०७६।०२।२१ मा जारी भएको छ। प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ प्रदेश लोक सेवा आयोगको गठन काम, कर्तव्य र अधिकार सम्वन्धी आधार र मापदण्ड निर्धारण गरी प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने उद्देश्यले आवश्यक व्यवस्था गर्न निर्माण गरिएको हो । यसमा प्रदेश लोक सेवा आयोगको गठनका आधार र पद रिक्त हुने आधारहरुको व्यवस्था गरिएको, अध्यक्ष र सदस्यहरुको पुनः नियुक्ति विषयमा स्पष्ट पारिएको, प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको आधार र मापदण्डको व्यवस्था गरिएको, आयोगले लिने परीक्षाका तरिका, परीक्षाको माध्यम भाषा, आयोगले दिने परामर्शका विषयमा स्पष्ट व्यवस्था गरिएको छ। साथै लोक सेवा आयोगले पदपूर्तिमा अपनाएको सिद्धान्त र मापदण्डलाई प्रदेश लोक सेवा आयोगले अवलम्वन गर्नुपर्ने र त्यसो नगरेमा यसले गरेको कामकारवाही स्वतः बदरभागी हुने व्यवस्था पनि गरिएको छ। प्रदेश लोक सेवा आयोगले लोक सेवा आयोगसँग पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण वा परीक्षा सम्वन्धी कुनै पनि विषयका सम्वन्धमा सहयोग लिन सक्ने व्यवस्था यस ऐनमा गरिएको छ ।

## १.२ आयोगको गठन

नेपालको संविधानको धारा २४४ (२) अन्तर्गत रही प्रदेश सभाले बनाएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ बमोजिम प्रदेश लोक सेवा आयोगमा कम्तीमा एकजना महिला रहने गरी अध्यक्षसहित बढीमा तीन जना सदस्य रहने व्यवस्था गरिएको छ । अध्यक्ष र सदस्यको नियुक्तिको लागि माननीय मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाका माननीय सभामुख र प्रदेश सभाको विपक्षी दलको नेता सदस्य रहने गरी एक सिफारिस समिति रहने र सो समितिको सिफारिसमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था छ। प्रदेश लोक सेवा आयोगका पदाधिकारी नियुक्ति हुँदा आयोगका सदस्यहरुमध्ये कम्तीमा एक जना सदस्य बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरूमध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरूमध्येबाट नियुक्त हुने व्यवस्था छ। मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, अध्यक्षको हकमा पैतालीत वर्ष र सदस्यको हकमा पैतीस वर्ष उमेर पूरा भएको, उच्च नैतिक चरित्र भएको नेपाली नागरिक आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था ऐनमा छ ।

प्रस्तुत व्यवस्था अनुसार मिति २०७६।०४।२३ मा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक श्री डिलाराम भट्टराई अध्यक्षमा नियुक्त हुनु भई मिति २०७६।०४।२८ मा शपथ ग्रहण गरी कार्य प्रारम्भ गरेको र मिति २०७६।०६।३० मा दुई जना सदस्यहरुको नियुक्ति भएकोमा मिति २०७६।७।२५ मा नेपाल सरकारका पूर्व सहसचिव बाबुराम गौतमले सपथ ग्रहण गरी कार्य गर्न शुरु गरेपछि आयोगले विभिन्न वैठक बसी आफ्ना कामकारवाही निरन्तर अघि बढाइरहेको छ ।

## १.३ काम, कर्तव्य र अधिकार

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा ६ मा आयोगको काम, कर्तव्य र अधिकारको सम्वन्धमा प्रदेश कानूनमा व्यवस्था गर्न आधार र मापदण्ड तोकिएको छ। दफा ६ (क) मा लोक सेवा आयोग सम्वन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता र सिद्धान्त तथा सोही दफाको खण्ड (ख)मा विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनोटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरुको छनोट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा संकेत नम्वरको प्रयोग, उत्तरपुस्तिकाका परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारवाही सम्वन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्डलाई आधार र मापदण्ड मान्ने व्यवस्था छ। प्रस्तुत

आधार र मापदण्डमा रही प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हो । प्रदेश निजामती सेवा भन्नाले प्रदेश प्रहरी सेवा र प्रदेश अन्य सरकारी सेवा तथा प्रदेश निजामती सेवा होइन भनी प्रदेश कानून बमोजिम तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा भन्ने उल्लेख उक्त ऐनको परिभाषमा गरिएको छ । साथै प्रस्तुत दुई सेवा बाहेक प्रदेश प्रहरी सेवा लगायत प्रदेश अन्य सरकारी सेवा संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्नु पनि प्रदेश लोक सेवा आयोगको कर्तव्य हो । उल्लिखित कर्तव्यका अतिरिक्त देहायका विषयहरुमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था उक्त ऐनमा गरिएको छ ।

(क) प्रदेश निजामती सेवाको शर्तसम्बन्धी कानूनको विषयमा,

(ख) प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) प्रदेश सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा,

(च) प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा,

(छ) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा,

(ज) संगठित संस्थाको सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा,

(झ) निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्दा,

## १.४ प्रतिवेदन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ मा प्रदेश लोक सेवा आयोगले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने प्रावधान छ। प्रस्तुत व्यवस्था बमोजिम नै आयोगले आर्थिक वर्ष २०७६।०७७ को वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्न तयार गरेको हो ।

# परिच्छेद २

## आयोगको कार्यसम्पादनका आधारहरु

### २.१ संस्थागत प्रवन्ध

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ बमोजिम सिफारिस भई आयोगका अध्यक्षको नियुक्ति र सपथ ग्रहण भएपछि प्रदेश लोक सेवा आयोग गठन भई आयोगको कार्यालय २०७६।०४।२८ बाट सञ्चालन भई आएको छ।

२.१.१ **संविधान**

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न ऐतिहासिक संविधान सभाबाट पारित भई सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई नेपालको संविधान विक्रम सम्वत् २०७२ मा जारी भएको छ। नेपालको संविधानको भाग २३ धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था गरिएको छ। यस अनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने र संघीय संसद्ले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था छ।

संविधानमा व्यवस्था भए बमोजिम संघीय संसद्बाट प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन २०७५ जारी गरिएको छ। प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गर्न बनेको ऐनले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा व्यवस्था गरेको छ। प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा, स्थानीय संगठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा कर्मचारीका सेवा, शर्त सम्बन्धी कानून आदि विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था गरिएको छ। प्रदेश लोक सेवा आयोगले लोक सेवा आयोग सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता, सिद्धान्त, अभ्यास, विधि तथा मापदण्ड अवलम्बन गर्नु पर्ने व्यवस्था गरिएको छ। यस विपरीत हुने गरी आयोगले गरेको काम कारवाही स्वतः बदर हुने आधार र मापदण्डमा व्यवस्था गरिएको छ।

आयोगले पाठयक्रम तर्जुमा, प्रश्नपत्र निर्माण र परीक्षा सम्बन्धी कुनै पनि विषयका सम्बन्धमा लोक सेवा आयोगको सहयोग लिन सक्नेछ।

२.१.२ **कानूनहरु**

नेपालको संविधानको धारा २४४ को उपधारा (२) मा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने व्यवस्था गरिएको छ। संघीय संसद्बाट प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भए पश्चात् प्रदेश सभा प्रदेश नं. ५ बाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित भई कार्यान्वयनमा आएको छ। प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तुत ऐनले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवा तथा संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई समयानुकूल, रुपान्तरित, सक्षम, सुदृढ र सेवामुखी बनाउने व्यवस्था गरेको छ। उक्त ऐनको दफा ३ बमोजिम प्रदेश नं. ५ मा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था छ, जसमा अध्यक्ष सहित कम्तीमा एक जना महिला पर्ने गरी बढीमा तीन जना सदस्य रहने व्यवस्था गरिएको छ।

अध्यक्ष र सदस्यको नियुक्तिको लागि प्रदेश मुख्यमन्त्री अध्यक्ष, प्रदेश सभाको सभामुख र प्रदेश सभाको विपक्षी दलको नेता सदस्य रहेको सिफारिस समितिले ऐन बमोजिम योग्यता भएको नेपाली नागरिकलाई सिफारिस गर्नु पर्ने व्यवस्था छ। सिफारिस समितिको सिफारिसमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गरी अध्यक्ष र सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा अध्यक्षले उच्च अदालतको मुख्य न्यायधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा सपथ लिनुपर्ने व्यवस्था छ। सोही बमोजिम अध्यक्षको सपथ ग्रहण २०७६ श्रावण २८ गते भई सोही दिन देखि प्रदेश लोक सेवा आयोग, प्रदेश नं. ५ को कार्यालय बुटवलमा सञ्चालन भएको छ। प्रदेश लोक सेवा ऐन, २०७६ को दफा ६१ र ६२ बमोजिम आयोगले प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ सहित आफ्नो क्षेत्राधिकारका कानून निर्माण गरेको र निर्देशिका अद्यावधिक गरिरहेको छ।

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हालसम्म प्रयोग गर्दै आएका कानून एवम् कार्यविधिहरु निम्न अनुसार छन्।

- नेपालको संविधान
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- प्रदेश लोक सेवा ऐन, २०७६
- प्रदेश लोक सेवा आयोग नियमावली, २०७६

- प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७६
- प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु


## २.२ संगठनात्मक संरचना र कार्यक्षेत्र

गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सुशासन प्रवर्द्धनमा सहयोग गर्न गठन भएको प्रदेश लोक सेवा आयोग प्रदेश नं. ५ ले प्रदेश भित्रका प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय, विभाग तथा कार्यालयहरु प्रदेश स्तरका अन्य सरकारी सेवाका र संगठित संस्थाका सेवाका पदहरुको पदपूर्ति गर्नुका साथै स्थानीय तहको सरकारी सेवा तथा स्थानीय तहका संगठित संस्थाका सेवाका पदहरुको पदपूर्ति गर्दछ । प्रदेश नं. ५ मा बाह्र जिल्ला (अर्घाखाँची, गुल्मी, पाल्पा, प्युठान, रोल्पा, रुकुम (पूर्व), दाङ्ग, बाँके, बर्दिया, कपिलवस्तु, रुपन्देही, नवलपरासी (सुस्ता पश्चिम))हरुका जिल्ला समन्वय समिति र १०९ स्थानीय तहहरुको विभिन्न तहका पदहरुको पदपूर्ति गर्ने क्षेत्र रहेको छ । यी सम्पूर्ण कार्य हाललाई बुटवलमा रहेको प्रदेश लोक सेवा आयोगको कार्यालयबाट सञ्चालन हुनेछ । हाल यस आयोगमा आयोगका अध्यक्ष र सदस्य तथा १२ जना कर्मचारीहरुबाट कार्यसम्पादन भइरहेको छ । आयोगको संगठन संरचना र कर्मचारीको दरवन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ । हाल प्रदेश सरकारले १३ जना कर्मचारीहरुको अस्थायी दरवन्दी स्वीकृत गरेको छ । स्वीकृत संगठन संरचना र दरवन्दी तालिका १ मा तथा हालको दरबन्दी र पदपूर्तिको अवस्था तालिका २ मा दिइएको छ ।

तालिका १

## मौजुदा संगठन तालिका

# प्रदेश लोक सेवा आयोग



## अस्थायी दरवन्दी तेरिजः

१. सचिव (प्रशासन) एघारौ तह १

२. उपसचिव/अधिकृतस्तर नवौं (प्र.) १

३. अधिकृतस्तर आठौं (शिक्षा/शि.प्र.) -१

४. अधिकृतस्तर सातौं (प्र.) -१

२. अधिकृतस्तर छैठौ (प्र.) -१

३. अधिकृतस्तर छैठौं (प्र./लेखा) -१

४. अधिकृतस्तर छैठौं (विविध) -१

५. सहायकस्तर पाँचौं (प्र.) -३

६. ह.स.चा. श्रेणीविहिन -१

७. का.स. श्रेणीविहिन -२

जम्मा संख्याः १३

तालिका २


## हालको दरवन्दी र पदपूर्तिको अवस्था

| क्र.सं. | पद | सेवा | तह | दरवन्दी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या |
|---|---|---|---|---|---|---|
| १ | नि. सचिव | शिक्षा | अधिकृतस्तर दशौं | १ | १ | एघारौं तह - १ |
| २ | अधिकृत | प्रशासन | अधिकृतस्तर सातौं | १ | १ | नवौं तह - १ |
| ३ | अधिकृत | प्रशासन | अधिकृतस्तर छैठौं | १ | १ | आठौं तह - १ |
| ४ | अधिकृत | प्रशासन/लेखा | अधिकृतस्तर छैठौं | १ | १ | |
| ५ | अधिकृत | विविध/कम्प्युटर | अधिकृतस्तर छैठौं | १ | २ | |
| ६ | सहायक | प्रशासन | सहायक पाचौं | ३ | १ | पाचौं तह - २ |
| ७ | ह.स.चा. | | | १ | १ | |
| ८ | का.स. | | | २ | २ | |

प्रदेश सरकारले स्वीकृत गरेको अस्थायी दरवन्दीमा दुई वटा मात्र शाखा राखिएको छ । तर लोक सेवा आयोगको प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता, अभ्यास, विधि तथा मापदण्ड र योग्यता, निष्पक्षता, स्वच्छता, समान अवसर, समावेशी, द्विअन्ध, परिचय शून्यता, असंलग्नता तथा गोपनीयता आदि सिद्धान्तहरुलाई ध्यानमा राखी विभिन्न सेवाका लागि उपयुक्त उम्मेदवार छनौटको लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठयक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरुको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा संकेत नम्बरको प्रयोग, उत्तर पुस्तिका परीक्षण, अन्तरवार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका कार्यसम्पादन गर्न स्वीकृत दरवन्दी धैरै न्यून भएकोले आयोगको बैंठकबाट निर्णय गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गरी पठाइएको छ। प्रस्तावित संगठन संरचना प्रदेश सरकारबाट २०७७ आषाढ मसान्त सम्म स्वीकृत भइसकेको छैन । तथापि निकट भविष्यमा स्वीकृत भई आयोगलाई आवश्यक हुने कर्मचारीको व्यवस्था प्रदेश सरकारबाट हुने नै छ भन्ने अपेक्षा गरिएको छ । प्रस्तावित संगठन संरचना तालिका ३ मा र प्रस्तावित दरवन्दी तालिका, तालिका ४ मा दिइएको छ ।

# तालिका ३

## प्रस्तावित संगठन संरचना




नोटः

१. प्रस्तुत संगठन तालिका अनुरुप दरवन्दी स्वीकृत गर्ने र क्रमशः प्रदेश सरकारले आयोगको अनुरोध अनुसार सरुवा गरी पदपूर्ति गर्दै जाने ।

२. प्रदेशस्तरमा पदपूर्ति नभएसम्म निजामती सेवाका प्रशासन सेवा, प्रशासन समूह (राजपत्रांकित प्रथम श्रेणी) का सहसचिव सचिवका रुपमा र सोही सेवा, समूह (द्वितीय श्रेणी) का उपसचिवले महाशाखाहरुका प्रमुखका रुपमा कामकाजमा रही कमा गर्ने

## तालिका ४

## प्रस्तावित दरवन्दी तालिका

| क्र.सं. | पद | तह | सेवा | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहसचिव | एघारौं | प्रशासन | १ | |
| २ | उपसचिव | नवौं/दशौं | प्रशासन | २ | |
| ३ | अधिकृत | सातौं/आठौं | प्रशासन | ७ | |
| ४ | अधिकृत | सातौं/आठौं | शिक्षा | १ | |
| ५ | कानून अधिकृत | सातौं/आठौं | कानून | १ | |
| ६ | कम्प्युटर इन्जिनियर | सातौं/आठौं | विविध | १ | |
| ७ | अधिकृत | छैठौ/सातौं | प्रशासन | १ | |
| ८ | लेखा अधिकृत | छैठौ/सातौं | लेखा | १ | |
| ९ | सहायक/अधिकृत | पाचौं/छैठौं | प्रशासन | १६ | |
| १० | कम्प्युटर अपरेटर/अधिकृत | पाचौं/छैठौं | विविध | ८ | |
| ११ | लेखा सहायक/अधिकृत | पाचौं/छैठौं | लेखा | १ | |
| १२ | ह.स.चा. | | | ६ | |
| १३ | कार्यालय सहयोगी | | | ९ | |
| **जम्मा** | | | | **५५** | |

## २.३ कार्यसम्पादनका सिद्धान्तहरु

आयोगले कुनै पनि कार्यसम्पादन गर्दा स्वतन्त्र, निष्पक्ष तथा स्वच्छताको आधारमा योग्यता प्रणालीलाई प्रमुख प्राथमिकता दिई निम्न मुख्य सिद्धान्तहरु अवलम्बन गर्नेछ । यसरी योग्यता, स्वच्छता र निष्पक्षताको जगमा उत्कृष्ठताको मापन गरी प्रदेश सरकार र स्थानीय तहहरुलाई चाहिने जनशक्तिको सिफारिस गर्ने कार्यमा प्रदेश लोक सेवा आयोग प्रतिवद्ध भई कार्य सम्पादन गर्नेछ । लोक सेवा आयोगका देहाय बमोजिमका स्थापित सिद्धान्तहरुलाई प्रदेश लोक सेवा आयोगले अनुसरण गरी काम गर्ने गराउनेछ ।

### २.३.१ **स्वतन्त्रताको सिद्धान्त**

नेपालको संविधानको व्यवस्था र प्रदेश कानून बमोजिम गठन भएकोले प्रचलित कानून, ऐन तथा नियमहरुको आधारमा आयोगले कार्यसम्पादन गर्दछ । यसरी आयोग स्वतन्त्र रुपमा कोही कसैको दबाबमा नपरी स्वतन्त्रतापूर्वक काम गर्दछ ।

### २.३.२ **निष्पक्षताको सिद्धान्त**

आयोगले काम वा निर्णय गर्दा कसैलाई अन्याय नहुने गरी पूर्ण रुपमा सजकता अपनाइएको हुन्छ । यसरी गरिने निर्णय पक्षपात तथा पूर्वाग्रहरहित हुन्छन् ।

### २.३.३ **स्वच्छताको सिद्धान्त**

आयोगका सम्पूर्ण काम कारवाहीहरु स्वच्छ र वस्तुपरक हुन्छन् । यसको लागि उत्तरदायित्वपूर्वक विश्वसनियताको आधारमा जिम्मेवारीपन अपनाउँदै इमान्दारीका साथ सम्पूर्ण काम कारवाही गरिन्छ ।

### २.३.४ **योग्यताको सिद्धान्त**

आयोगले निष्पक्ष परीक्षा गराई योग्यतम उम्मेदवारहरुलाई योग्यताक्रम सूचिबाटै सिफारिस गर्दछ । सिफारिस हुने उम्मेदवारको आफ्नो पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सिप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठयक्रम निर्माण हुने र सोही पाठयक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा उत्कृष्टताको आधारमा योग्यता प्रणालीबाट अब्बल भएका उम्मेदवारलाई मात्र नियुक्तिका लागि सिफारिस गरिन्छ ।

### २.३.५ **असंलग्नताको सिद्धान्त**

आयोगले प्रदेश लोक सेवा आयोगको आचारसंहिता, २०७६ तयार गरी लागू गरेको छ । यस अनुसार आयोगका पदाधिकारी, कर्मचारी र दक्ष/विज्ञ/विशेषज्ञका नातेदार आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा उम्मेदवार भएको अवस्थामा कोही पनि उक्त परीक्षाको सम्पूर्ण प्रक्रियामा संलग्न नहुने प्रणाली अपनाइन्छ ।

२.३.६ **समान अवसरको सिद्धान्त**

आयोगबाट हुने सबै विज्ञापनका लागि तोकिएको योग्यता पुगेका नेपाली नागरिकलाई दरखास्त दिन समान अवसर प्रदान गरिन्छ । यसरी सम्बन्धित पदको लागि योग्यता पुग्ने सबै नेपाली नागरिकको पहुँच सहित समान अवसरको सुनिश्चितता गर्न आवश्यक प्रवन्ध गरिन्छ ।

२.३.७ **समावेशी सिद्धान्त**

नेपालको संविधानमा व्यवस्था गरिएको समावेशीकरण नीति बमोजिम प्रदेश सरकारले निर्धारण गरेको प्रतिशत अनुसार आयोगले प्राप्त माग पदहरुको विभिन्न समूहका उम्मेदवार बीच मात्र प्रतिस्पर्धा हुने गरी पदपूर्ति गरिन्छ ।

२.३.८ **द्विअन्ध सिद्धान्त**

आयोगका हरेक महाशाखा/शाखाहरुलाई विशेष जिम्मेवारी दिइएको हुन्छ । कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्कोको संलग्नता हुँदैन । कुनै पनि पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी कर्मचारी वा दक्ष/विज्ञ/विशेषज्ञले सो प्रक्रियाको अन्य चरणको काममा संलग्न हुँदैनन् । उत्तरपुस्तिकामा दोहोरो संकेतीकरणको कारणले उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो थाहा पाउँदैन र उत्तरपुस्तिका रुजु तथा प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा अनभिज्ञ हुन्छ ।

२.३.९ **परिचय शून्यताको सिद्धान्त**

उत्तरपुस्तिकाहरुलाई संकेतीकरण गरेपछि उत्तरपुस्तिका परीक्षण पश्चात् वैयक्तिक पहिचान विहीन संकेतको आधारमा प्राप्ताङ्क तालिका तयार पारिन्छ । अन्तरवार्ता लिने पदाधिकारी/दक्ष/ विज्ञ/विशेषज्ञलाई लिखित परीक्षा लगायतका सवै प्रकारको परीक्षाको प्राप्तांक थाहा हुदैन । आचार संहिता बमोजिम अन्तर्वार्ता लिने व्यक्तिले कुनै पनि उम्मेदवारसंग वैयक्तिक परिचय खुल्ने प्रश्न सोध्नु हुदैन र आफ्नो नाता सम्वन्ध नभएको सुनिश्चित गरी अन्तर्वार्ताकारको रुपमा बस्ने निर्णय लिनु पर्दछ ।

२.३.१० **गोपनीयताको सिद्धान्त**

आयोगका कार्यसम्पादनलाई निष्पक्षता, स्वच्छता र विश्वसनीय बनाउन विभिन्न चरणमा हुने कार्यमा गोपनीयताको सिद्धान्त अपनाइएको हुन्छ । परीक्षा प्रणालीलाई गोपनीयता कायम गर्नका लागि परीक्षाका प्रश्नपत्र, प्रश्नपत्रहरुको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ । परिक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ । यसरी पदपूर्ति प्रक्रियाका परीक्षाका चरणहरुमा पूर्णरुपमा गोपनीयताको सुनिश्चितता गरिन्छ ।

## २.४ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

प्रदेश लोक सेवा आयोग पहिलो पटक स्थापना भएकोले यसको कार्यसम्पादन गर्दा ऐन, नियमावली, कार्यसञ्चालन निर्देशिका तयार गर्नु आवश्यक हुन्छ। यसै अनुसार प्रदेश लोक सेवा आयोग, प्रदेश नं. ५ ले प्रदेश सभाले प्रदेश लोक सेवा ऐन, २०७६ बनाई त्यसैको आधाारमा गठन भएको प्रदेश लोक सेवा आयोगले ऐनको दफा ६१ र ६२ बमोजिम प्रदेश लोक सेवा आयोग नियमावली, २०७६, प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६, प्रदेश लोक सेवा आयोग बैंठक सञ्चालन कार्यविधि, २०७६, प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६ स्वीकृत गरी लागू भैसकेका छन्। कार्यसञ्चालन निर्देशिका तयारी अवस्थामा छ। पाठयक्रमको निर्माण भैरहेको छ। पाठयक्रमको निर्माण र परिमार्जन निरन्तर भइरहन्छ।

प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐन र तत्सम्बन्धी नियमावलीहरु बनिनसकेको अवस्था छ। यी ऐन तथा नियमावलीहरु बनिनसकेको अवस्थामा पनि कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ उपदफा २ बमोजिम प्रदेश वा स्थानीय तहहरुको सेवा सम्बन्धी कानून नबनेसम्म निजामती सेवा सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम पद संख्या निर्धारण गरी पदपूर्ति गरिने छ, यसरी पदपूर्ति गर्दा बढुवाको लागि निर्धारण भएको पदमा बढुवा हुने पदको आवश्यक न्यूनतम योग्यता पुगेका सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवाका एक श्रेणी वा तह मुनिका सम्भाव्य उम्मेदवारहरुबाट पदपूर्ति गरिनेछ भन्ने स्पष्ट व्यवस्था छ। साथै प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १५ मा प्रचलित कानून बमोजिम पदहरुको प्रतिशत निर्धारण गर्न सकिने प्रावधान राखिएको छ। यसैलाई आधार मानी प्रदेश लोक सेवा आयोगबाट निर्णय गरी प्रदेश सरकारबाट पदपूर्तिको माग भई आएमा पदपूर्तिको प्रक्रिया पूरा गरी सिफारिस गर्न तयार भएको जानकारी अनुरोध गरी पठाइएको छ।

प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐन र नियमावलीहरुमा हुने पदपूर्तिको व्यवस्था अनुसार प्रदेश प्रहरी सेवा र संगठित संस्थाको सेवाका पदहरुको लागि समेत उपयुक्त उम्मेदवार छनौट गर्नका लागि अवलम्बन गरिने कार्य प्रक्रिया र कार्यप्रवाहलाई तल तालिका ५ मा उल्लेख गरिएको छ।

### २.४.१ वार्षिक कार्यतालिका

प्रदेश लोक सेवा आयोग पहिलो पटक गठन भई क्रियाशील रहेको भए तापनि प्रदेश निजामती सेवा ऐन, स्थानीय सरकारी सेवा ऐन, प्रदेश प्रहरी सेवा ऐन, प्रदेश संगठित संस्थाका सेवाहरुको समेत कानून बनिनसकेको र प्रदेश सरकारबाट पदपूर्तीको माग आइनसकेको हुँदा आर्थिक वर्ष २०७६/०७७ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गर्न नसकिएको हो। आगामी दिनमा पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गरिने छ।

### २.४.२ **विज्ञापन प्रकाशन**

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा कार्यतालिकामा निर्धारित समयमा सम्बन्धित मन्त्रालय, निर्देशनालय, विभाग, कार्यालय तथा स्थानीय तहले रिक्त दरवन्दी अनुसारको पद, सेवा, समूह र तह समेत खुल्ने गरी माग आकृति फारम भरी पठाउनु पर्दछ। सो मागका आधारमा प्रचलित कानून र प्रदेश निजामती सेवा ऐन, स्थानीय सरकारी सेवा ऐन तथा तत्सम्बन्धी नियमावलीहरुमा हुने व्यवस्था अनुसार प्रतिशत निर्धारण गरी खुल्ला, बढुवा, आन्तरिक प्रतियोगिता तथा समावेशी समूहहरुमा पदसंख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन प्रकाशन गरी दरखास्त आव्हान गर्दछ। यस्तो विज्ञापन अनलाइन तथा राष्ट्रिय पत्रपत्रिका र आयोगको सूचना पाटीमा समेत प्रकाशन गर्नेछ । प्रदेश प्रहरी सेवा र संगठित संस्थाको हकमा कार्यतालिका निर्धारित समयमा पदपूर्तिको विज्ञापन गर्नका लागि सम्बन्धित संस्थाले आयोगमा सहमतिका लागि माग गर्दछन् । आयोगको सहमति भैसकेपछि सम्बन्धित संस्थाले नै पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्दछन् ।

### २.४.३ **दरखास्त संकलन**

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फका खुला र आन्तरिक प्रतियोगिताका पदमा विज्ञापन प्रकाशन भएपछि सूचनामा दिएको म्याद भित्र दरखास्त फारम आयोगको कार्यालयमा बुझाउनु पर्नेछ । भर्खरै मात्र स्थापना भएकोले अनलाइन मार्फत दरखास्त संकलन गर्ने कार्य पूरा भएको छैन। तर केही समयपछि अनलाइनमार्फत पनि दरखास्त संकलन गर्न सकिनेछ। तथापि बढुवा तर्फका दरखास्त फारम भने कार्यालयमा नै बुझाउनु पर्नेछ।

प्रदेश प्रहरी सेवा र संगठित संस्थाको सेवाका पदहरुको हकमा सम्बन्धित संस्थाले नै दरखास्त संकलन गर्दछन् ।

### २.४.४ **लिखित परीक्षा**

विज्ञापन प्रकाशन भएसँगै विज्ञापित पदहरुको परीक्षा सञ्चालनको लागि दक्ष/विज्ञ/विशेषज्ञ सेवा लिई प्रश्नपत्र तयारीको कार्यसम्पादन गरिन्छ। प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा तथा संगठित संस्थाको सेवाको विज्ञापित पदका लागि तोकिएको मितिमा आयोगले लिखित परीक्षा सञ्चालन गर्दछ।

### २.४.५ उत्तरपुस्तिका संकेतीकरण र परीक्षण

उम्मेदवारले लिखित परीक्षा दिइसकेपछि परीक्षा केन्द्रबाट उत्तरपुस्तिका आयोगको कार्यालयमा ल्याइन्छ । त्यसपछि उत्तरपुस्तिकाहरु छ्यासमिस गरी दुई अलग चरणमा प्रथम र दोश्रो संकेत नम्बर राखी संकेतीकरण गरिन्छ । उम्मेदवारको वैयक्तिक विवरण उत्तरपुस्तिकाबाट अलग गरी सिलवन्दी रुपमा अलग अलग स्थानमा राखिन्छ । दोश्रो संकेत नम्बर गरिएका सिलवन्दी उत्तरपुस्तिकाहरुलाई दक्ष/विज्ञ/विशेषज्ञहरुबाट आयोगको कार्यालयमा गोप्य रुपमा परीक्षण गराइन्छ ।


### २.४.६ लिखित परीक्षा नतिजा, प्रयोगात्मक परीक्षा, सिप परीक्षण, अन्तर्वार्ता र सिफारिस

दक्ष/विज्ञ/विशेषज्ञहरुबाट उत्तरपुस्तिका परीक्षण गराई उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क दोश्रो संकेत नम्बरको आधारमा तालिकीकरण गरेर राखिन्छ । आयोगको कार्यसञ्चालन निर्देशिकामा उल्लेखित व्यवस्थाका आधारमा डिकोडिङ्ग गरिन्छ र माग पद संख्या अनुसार माग पद भन्दा निश्चित थप संख्यामा सम्बन्धित विज्ञापनमा अधिकतम अंक प्राप्त गर्ने उम्मेदवारको मात्र नाम लिखित परीक्षाको नतिजा नामको वर्णानुक्रमका आधारमा प्रकाशन गरिन्छ । प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुको पाठ्यक्रम योजना बमोजिम प्रयोगात्मक परीक्षा, मामिला अध्ययन एवम् प्रस्तुतीकरण परीक्षा गरिसके पछि सबैको लागि अन्तर्वार्ता सञ्चालन गरिन्छ । यसरी लिखित परीक्षाको प्राप्ताङ्क, अन्तर्वार्ता र अन्य परीक्षामा प्राप्त अंक सहित कुल योगका आधारमा अधिकतम अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई माग पद संख्याको आधारमा योग्यता प्रणालीमा आधारित भई स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ ।

प्रदेश प्रहरी सेवा र संगठित संस्थाको हकमा लिखित परीक्षा नतिजा प्रकाशन गरी अन्तर्वार्ता तथा अन्य परीक्षा कार्यक्रम प्रकाशन गर्न सम्बन्धित निकायमा पठाइन्छ । अन्तर्वार्ता तथा अन्य परीक्षामा आयोगको प्रतिनिधित्व हुनेगरी सम्बन्धित निकायले आफै सिफारिस गर्दछन् ।

**तालिका ५**

**पदपूर्ति सम्बन्धी कार्यप्रवाह**



## २.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ८ मा अध्यक्ष र सदस्यको कार्यविभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ, जस अनुसार आवश्यकताको आधारमा कार्य विभाजन गरिनेछ । प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सकिने छ । प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ६ बमोजिम पाठयक्रम निर्माण समितिको संयोजकमा आयोगका सदस्य रहने व्यवस्था गरिएको छ । अन्य कार्यविभाजन आवश्यकताको आधारमा गरिने छ ।

# परिच्छेद ३

# प्रशासन तथा वित्त व्यवस्थापन

## ३.१ वैठक तथा निर्णय

आर्थिक वर्ष २०७६।०७७ प्रदेश लोक सेवा आयोगको जन्म भएको वर्ष हो । आयोगका अध्यक्षको सपथग्रहण र पदवहाली २०७६ साउन २८ गते भएको हुँदा सोही दिनलाई आयोगको जन्म दिवसका रुपमा लिइएको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६ मा संविधान, ऐन र प्रचलित कानून बमोजिम आयोगले गर्नु पर्ने सम्पूर्ण काम आयोगको निर्णय बमोजिम हुने व्यवस्था छ । उक्त ऐनको दफा ६(३) मा कम्तीमा दुईजना सदस्यहरु उपस्थित भएमा आयोगको वैठक बस्न सक्ने व्यवस्था भएकाले मिति २०७६।०७।२५ मा सदस्यको सपथ ग्रहण र पदवहाली भए पश्चात् विधिसम्मत रुपमा आयोगको वैठक बस्न शुरु भएको हो र २०७६।७।२९ गते आयोगको पहिलो बैठक बसी विभिन्न निर्णयहरु गरेको र आ.व. २०७६।०७७ मा जम्मा १२ बैठक बसी ३१ ओटा निर्णय भएका छन् ।

## तालिका ६

## आयोगका वैठक तथा निर्णयहरु

| क्र.स. | वैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| १ | २०७६.७.२९ | ❖ धन्यवाद ज्ञापन | ❖ प्रदेश लोक सेवा आयोगको पदाधिकारीमा नियुक्ति गर्ने माननीय प्रदेश प्रमुख र सिफारिस गर्ने समितिलाई धन्यवाद दिने । | |
| | | ❖ आयोगको जनशक्ति व्यवस्थापन | ❖ मौजुदा जनशक्ति न्यून हुँदा दरवन्दी पुनरावलोकन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई अनुरोध गर्ने । | |
| | | ❖ आयोगको गठन र कार्यालय स्थापनाको सूचना दिने | ❖ आयोगको गठन र कार्यालय स्थापनाको जानकारी ठेगाना सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालयहरु, स्थानीय तहहरु सवैमा पठाउने । | |
| | | ❖ प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को मस्यौदा | ❖ नियमावलीको मस्यौदा बारे छलफल गर्न २०७६।८।४ गते गोष्ठी आयोजना गर्ने | |
| | | ❖ आ.व. २०७६।७७ को वार्षिक कार्ययोजना | ❖ आ.व. २०७६।०७७ को वार्षिक कार्ययोजना अद्यावधिक गर्ने | |
| | | ❖ कार्यसम्पादन करारबारे | ❖ आयोगले सचिव र सचिवले कर्मचारीसंग कार्यसम्पादन सम्झौता गर्ने | |
| | | ❖ विज्ञको विवरण संकलन | ❖ विज्ञको विवरण संकलन गर्ने फाराम स्वीकृत गर्ने | |
| २ | २०७६.०८.१३ | ❖ प्रदेश निजामती सेवाका पदहरु पूर्ति गर्न प्रतिशत निर्धारण बारे | ❖ प्रदेश निजामती सेवाका विभिन्न तहका पदहरुको पदपूर्ति गर्न प्रतिशत निर्धारण गरी पठाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा अनुरोध गर्ने | |
| | | ❖ प्रदेश निजामती सेवाका पदहरुको कार्यविवरण र शैक्षिक योग्यताबारे | ❖ प्रदेश निजामती सेवाका विभिन्न पदहरुको कार्यविवरण र शैक्षिक योग्यता आयोगलाई पाठ्यक्रम निर्धारण गर्न आवश्यक हुँदा पठाइदिन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा अनुरोध गर्ने | |
| | | ❖ Compentency mapping workshop बारे | ❖ विज्ञहरुलाई आमन्त्रण गरी सरोकारवालाहरुको सहभागितामा पाठ्यक्रम निर्माणमा सहयोग पुऱ्याउन Compentency mapping workshop गर्ने र राय संकलन गर्ने | |
| | | ❖ "प्रदेश लोक सेवा आयोगको भावी कार्यदिशा तथा रणनीति" बारे | ❖ "प्रदेश लोक सेवा आयोगको भावी रणनीति तथा कार्यदिशा" बारेमा गोष्ठी सञ्चालन गर्ने र राय संकलन गर्ने | |

| क्र.सं. | बैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| ३ | २०७६..०९.०३ | ❖ आयोगको कर्मचारी दरवन्दी, संगठन तालिका र कार्य विवरण बारे | ❖ संगठन तालिका र दरवन्दी स्वीकृतिका लागि र कार्यविवरण जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई अनुरोध गर्ने | |
| | | ❖ थप आवश्यक कर्मचारी सम्वन्धमा | ❖ आयोगलाई तत्काल आवश्यक थप कर्मचारी पठाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा अनुरोध गर्ने | |
| ४ | २०७६.९.७ | ❖ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा संशोधन बारे | ❖ प्रदेश लोक सेवा आयो ऐन, २०७६ का विभिन्न दफामा केही वाक्यांश थपघट गर्ने र केही वाक्यांशको सट्टा नयाँ वाक्यांश राख्न ऐन संशोधन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा अनुरोध गर्ने | |
| | | ❖ प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को मस्यौदा उपर सहमति माग गर्ने | ❖ प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को मस्यौदामाथि राय दिन आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गर्ने | |
| | | ❖ प्रदेश स्तरमा कर्मचारी पदपूर्तिको प्राथमिकिता बारे | ❖ प्रदेश स्तरमा सेवा समूह उपसमूहका पदहरुको पूर्तिको प्राथमिकता निर्धारण गरी पठाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा अनुरोध गर्ने | |
| ५ | २०७६.९.२४ | ❖ दक्ष/विज्ञ/विशेषज्ञहरुको योग्यता सम्वन्धमा | ❖ आयोगका कामका लागि दक्ष/विज्ञ/विशेषज्ञहरुको योग्यता सम्वन्धमा आधारहरु निर्धारण गरिएको | |
| | | ❖ स्थानीय तहहरुसँग गोष्ठी गर्ने सम्वन्धमा | ❖ आयोगका काम कार्वाही र भावी कार्यदिशा वारेमा प्रदेशका स्थानीय तहहरु, प्रदेश मातहतका निर्देशनालय, डिभिजन कार्यालय र कार्यालयहरुसँग मिति २०७६।९।२४ देखि गोष्ठीहरु गर्ने | |

| क्र.सं. | बैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| ६ | २०७६.१०.९ | ❖ पाठ्यक्रम निर्माण | ❖ लोक सेवा आयोग अनामनगरले स्वीकृत गरेको विभिन्न सेवा, समूह, उपसमूहका पदहरुको पाठ्यक्रमलाई प्रदेश निजामती सेवा र स्थानीय तहहरुका मिल्दाजुल्दा तत् तत् पदहरुका लागि आधार/मस्यौदाका रुपमा लिई प्रदेशका विषयबस्तुहरु समेत राखी आवश्यकतानुसार परिमार्जन गरी पाठ्यक्रम निर्माण गर्ने | |
| | | ❖ दरखास्त संकलन तयारी | ❖ विद्युतीय दरखास्त संकलन तयारी गर्ने | |
| | | ❖ स्थानीय तहहरुका विभिन्न पदहरुको कार्यविरण माग गर्ने | ❖ प्रदेश नं. ५ मा रहेका सवै १०९ स्थानीय तहहरुका विभिन्न पदहरुको कार्यविवरण जिल्ला समन्वय समितिमार्फत माग गर्ने र सोही कार्यविवरणका आधारमा पाठ्यक्रमलाई वैज्ञानिक र व्यवहारिक बनाई परीक्षामा प्रयोगमा ल्याउने | |
| | | ❖ वैठक भत्ता र खाजा खर्च बारे | ❖ "प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्वन्धी मापदण्ड २०७६" स्वीकृत नभए सम्म बैठक भत्ता र खाजा खर्च प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम गर्ने | |
| ७ | २०७६.१०.१५ | ❖ "प्रदेश लोक सेवा आयोग नियमावली, २०७६" स्वीकृत गर्ने | ❖ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी सरोकारवालाहरुको सुझाव लिई अद्यावधिक गरिएको र मिति २०७६।९।७ को वैठकको निर्णय नं. २ अनुसार दुवै मन्त्रालयहरुको सहमति प्राप्त भइसकेको हुँदा सो नियमावली स्वीकृत गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयमा राजपत्रमा प्रकाशित गर्न पठाउने | |
| ८ | २०७६.१०.२३ | ❖ पाठ्यक्रम समितिको संयोजक तोक्ने | ❖ प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ६(५)(क) बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा अन्तर्गत सवै सेवा समूह र उपसमूहका तहहरुका पदहरुको पाठ्यक्रम निर्माण समितिको संयोजकमा आयोगका सदस्य बाबुराम गौतमलाई तोक्ने | |
| | | ❖ आयोगको आचार संहिता स्वीकृत गरी लागू गर्ने | ❖ आयोगका पदाधिकारी, कर्मचारी, दक्ष/विज्ञ/विशेषज्ञ र आयोगको काममा खटिने अन्य व्यक्तिहरुका लागि निर्माण गरिएको "प्रदेश लोक सेवा आयोगको आचारसंहिता, २०७६" स्वीकृत गरी लागू गर्ने | |

| क्र.स. | वैठक बसेको मिति | कार्यसूची | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| ९ | २०७६.११.११ | ❖ “प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्वन्धी मापदण्ड, २०७६” स्वीकृत गर्ने | ❖ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६२ को अधिकार प्रयोग गरी बनाएको “प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्वन्धी मापदण्ड, २०७६” सहमतिको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएकोमा तहाँबाट च.नं. ९७८, मिति २९७६।११।८ को पत्रबाट सहमति प्राप्त भएकोले स्वीकृत गर्ने | |
| १० | २०७६.१२.७ | ❖ “प्रदेश लोक सेवा आयोग वैठक सञ्चालन कार्यविधि, २०७६” स्वीकृत गर्ने | ❖ “प्रदेश लोक सेवा आयोग वैठक सञ्चालन कार्यविधि, २०७६” आजैका मितिदेखि लागू हुने गरी स्वीकृत गर्ने | |
| | | ❖ दक्ष/विज्ञ/विशेषज्ञको मनोनयन सम्वन्धमा | ❖ आयोगको पाठ्यक्रम निर्माण र परीक्षा सम्वन्धी कामका लागि दक्ष/विज्ञ/विशेषज्ञको मनोनयन आयोगका अध्यक्षज्यूले गर्ने | |
| ११ | २०७७.३.११ | ❖ पाठ्यक्रमहरु वेव साइटमा राख्ने | ❖ पाठ्यक्रम समितिबाट निर्माण भएका स्वास्थ्य सेवा, मेडिकल अधिकृत, आयुर्वेद चिकित्सक र डेन्टल अधिकृत, आठौं तह, इन्जिनियरिङ्ग सेवा, जनरल, ट्रान्सपोर्टेसन, स्यानिटरी, इरिगेसन र विल्डिङ्ग एण्ड आर्किटेक्ट, सातौ तह र प्रशासन सेवा, सहायक र लेखा सहायक पाँचौ तहका पाठ्यक्रम सम्वन्धितको रायको लागि वेवसाइटमा राख्ने | |
| | | ❖ परीक्षा तयारी सम्वन्धमा | ❖ निर्णय नं. १ अनुसारका पाठ्यक्रम तयार भइसकेको हुँदा उक्त पदहरुको पदपूर्तिको लागि प्रदेश सरकारबाट निर्णय भई आएका वखत पदपूर्ति गर्न आयोग तयार रहेको व्यहोरा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा अनुरोध गर्ने | |
| १२ | २०७७.०३.३० | ❖ पाठ्यक्रम स्वीकृत गर्ने | ❖ गत एघारौ वैठकको निर्णयले रायका लागि वेभसाइटमा राखिएका पाठ्यक्रमहरु स्वीकृत गर्ने । | |


## ३.२ आयोगको कर्मचारी दरवन्दी र विद्यमान अवस्था


आयोगको विद्यमान कर्मचारी संख्या १२ छ। कार्यरत कर्मचारीको विवरण अनुसूची १ मा दिइएको छ। प्रदेश सरकारको च.न. २१८, मिति २०७६।०५।०१ को पत्र अनुसार प्रशासन सेवा, प्रशासन समूहको ११औं तहको सचिव, सोही सेवा समूहको उपसचिव वा अधिकृत स्तर नवौ तहको एक सहित जम्मा १३ (तेह्र) जना कर्मचारी रहने गरी व्यवस्था भएको र प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरुबाट अध्यक्ष र सदस्यका लागि एक-एकजना सहयोगी र हलुका सवारी चालक थप भई जम्मा १७ (सत्र) जना जनशक्तिको अस्थायी व्यवस्था भएकोमा आयोगको मिति २०७६।९।३ को निर्णय अनुसार संगठन तालिका र विवरण स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गरी पठाइएको छ। यस अघि स्वीकृत भएको र पुनः प्रस्ताव गरी पठाइएको अस्थायी दरवन्दी विवरण तालिका ६ मा उल्लेख गरिएको छ। आयोगको स्थापनाकालमा मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट श्री तारा प्रसाद भट्टराईलाई आयोगको सचिवको रुपमा खटाइएकोमा उहाँ सरुवा भई जानुभएपछि मिति २०७६ आश्विन १२ देखि सामाजिक विकास मन्त्रालय प्रदेश नं. ५ बाट अधिकृतस्तर दशौ तहका श्री सूर्य प्रसाद भुसाललाई कामकाज गर्ने गरी खटाइएको र उहाँले कार्यालयको नि. सचिव भै काम गरिरहुन भएको छ।

## ३.३ बजेट, निकासा र खर्च

आर्थिक वर्ष २०७६।०७७ मा आयोगको कार्यालयका लागि विभिन्न शीर्षकहरुमा स्वीकृत भएको बजेटमध्ये आर्थिक वर्षको तेस्रो चौमासिकमा बजेट खर्चमा प्रदेश सरकारले मितव्ययी नीति अपनाएको र कोरोना संक्रमण फैलिएको कारण बन्दावन्दी अवस्था भएकाले बजेट कटौती गर्ने नीति अपनाएको कारणबाट आयोगबाट प्रदेश सरकारमा फिर्ता पठाए पछि कायम हुन गएको बजेट रु. ३,६४,३५,०००। को वित्तीय प्रगति देहाय बमोजिम रहेको छ।

| ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट (रु. हजारमा) | असार मसान्तसम्मको खर्च (रु. हजारमा) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ६०२००००११३ | चालु | १५३९० | ११५७६.३०५ | ७५.२१ | |
| ६०२००००११४ | पूँजीगत | २१०४५ | २०५२६.५८५ | ९७.५३ | |
| जम्मा | | ३६४३५ | ३२१०२.८९ | ८८.११ | |


बजेट निकासा र खर्च
२०५२६'
१५७६.३०५
चालु
पूँजीगत
विनियोजित बजेट
असार मसान्तसम्मको खर्च


बजेट निकासा तथा खर्च
३२१०३
३६४३५
विनियोजित बजेट
असार मसान्तसम्मको खर्च

## ३.४ वेभ साइट सञ्चालन

सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने प्रयोजनार्थ प्रदेश लोक सेवा आयोगले आफ्नो एक वेभ साइट सञ्चालन गरी यसमा विभिन्न सामग्री र सूचनाहरु राख्ने कार्य भएको छ । परीक्षार्थीहरु तथा अन्य सम्वन्धित सवैको जानकारीको लागि विभिन्न सूचना, आयोगको परिचय, पाठ्यक्रम, ऐन कानून लगायत विभिन्न विषयहरु समेत राखिएका छन् भने परीक्षाको समयमा परीक्षाको समय तालिका, परीक्षा केन्द्र, उम्मेदवारको स्वीकृत नामावली, परीक्षाको नतिजा, अन्तर्वार्ता तथा सिफारिससम्मको सवै सूचनाहरु यसै वेभ साइटमा रहने छन् ।

## ३.५ भौतिक अवस्था

प्रदेश लोक सेवा आयोग स्थापना हुँदा एउटा पुरानो सानो भवनबाट कार्यालय सञ्चालन भएको र केही जनशक्ति थप भए पश्चात् अर्को एक छकोठे भवन आयोगलाई प्राप्त भई पदाधिकारी तथा कर्मचारीहरुका कार्यकक्षहरु बनाई कार्य सञ्चालन भएको छ । आयोगले प्रश्नपत्र निर्माणदेखि परीक्षा सञ्चालन तथा सिफारिससम्मका काम गर्दा थप जनशक्ति सहित भवन उपलब्ध भएमा मात्र कार्य अगाडि बढाउन सकिने अवस्था छ ।

# परिच्छेद - ४

## कानून र पाठयक्रम निर्माण तथा गोष्ठी सञ्चालन

आ.व. २०७६/०७७ को अवधिमा प्रदेश लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले प्रदान गरेको अधिकार एवम् कार्य क्षेत्र अन्तर्गत रही देहाय बमोजिमका कार्य सम्पादन गरेको छ।

### ४.१ प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को निर्माण

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ निमार्णका लागि मस्यौदा कार्यदलले तयार गरेको नियमावलीको मस्यौदालाई सरोकारवाला समक्ष सुझावका लागि प्रस्तुत गर्न २०७६ मंसिर ४ गतेका दिन प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को प्रारम्भिक मस्यौदा उपर सरोकारवालाहरुको राय सुझाव संकलन गर्ने उद्देश्यले बुटवल उपमहानगरपालिकाको सभाकक्षमा सुझाव संकलन अन्तरक्रिया गोष्ठीको आयोजना गरियो । उक्त कार्यक्रममा प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश सभाका सचिव, मुख्य न्यायाधिवक्ता, प्रदेश योजना आयोगका उपाध्यक्ष, प्रदेश प्रमुखको कार्यालयका सचिव, विभिन्न मन्त्रालयका सचिवहरु, बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न मन्त्रालयका महाशाखा प्रमुखहरु, नवौं, दशौं तहका अधिकृतहरु एवम् अन्य विभिन्न शाखा प्रमुखहरु, प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरु र निमित्त सचिव समेत अन्य कर्मचारीहरु गरी करीब ५० जनालाई निमन्त्रणा गरिएकोमा अधिकांशको सहभागिता रहेको थियो ।

प्रदेश लोक सेवा आयोगको तर्फबाट एउटा कार्यपत्र प्रस्तुत गरिसकेपछि समूह छलफलको माध्यमबाट अन्तरक्रिया गरी सुझाव संकलन गरिएको थियो । सरोकारवालाहरुबाट देहाय बमोजिम सुझावहरु प्राप्त भएका थिए ।

- नाता सम्बन्धको परिभाषा केही विस्तृत गरिनु पर्ने ।
- प्रदेश लोक सेवा आयोगले लोक सेवा आयोगप्रति जनमानसमा रहेको विश्वास र भरोसा कायम गर्ने गरी काम कारवाही अगाडि बढाउनु पर्ने ।
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले दिएको अधिकार क्षेत्र भित्र रही नियमावली निर्माण हुनु पर्ने ।
- कानूनहरु निर्माण गर्दा भाषिक शुद्धतामा ख्याल गर्नु पर्ने ।

उपर्युक्त सुझाव समेत समेटी मस्यौदा तयार गरी प्रदेश स्तरको कानून मस्यौदा सुझाव कार्यदलमा छलफल गरी प्राप्त सुझावलाई समावेश गर्नुका साथै अन्य सरोकारवालाको समेत राय सुझाव लिई अन्तिम मस्यौदा निर्माण गरी आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना

मन्त्रालयको सहमतिमा आयोगको मिति २०७६।१०।१५ को बैठकबाट स्वीकृत गरिएको र मिति २०७६।१०।२९ मा प्रदेश राजपत्रमा प्रकाशित भएको छ। साथै प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ पुस्तकका रुपमा एकैसाथ प्रकाशन गरिएको छ।

### ४.२ प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६ निर्माण

प्रदेश लोक सेवा आयोगले आफ्नो कर्तव्य पालन गर्ने सिलसिलामा सम्पादन गर्ने सम्पूर्ण काम कारवाहीलाई प्रभावकारी र विश्वसनीय बनाई सु-शासनको मूल्य र मान्यता अनुरुप स्वतन्त्र, निष्पक्ष एवम् वस्तुनिष्ठ बनाउन आयोगका पदाधिकारी दक्ष/विज्ञ/विशेषज्ञ र कर्मचारीहरुको पेशागत आचारणलाई अनुशासित र मर्यादित बनाउन दफा ११ अनुसूची २ सहितको “प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६” निर्माण गरी मिति २०७६।१०।१६ को आयोगको बैठकबाट स्वीकृत गरी लागू गरिएको छ।

### ४.३ प्रदेश लोक सेवा आयोग कार्य सञ्चालन निर्देशिकाको तयारी

प्रदेश लोक सेवा आयोगले प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीको भर्ना प्रक्रियालाई वैज्ञानिक, व्यवस्थित, गोप्य र निष्पक्ष बनाउन “प्रदेश लोक सेवा आयोगको कार्य सञ्चालन निर्देशिका” निर्माण गरिरहेको छ। प्रदेश सरकारबाट निर्माण गरिनु पर्ने प्रदेश निजामती सेवा ऐन, स्थानीय सरकारी सेवा ऐन तथा तत् सम्बन्धी नियमावलीहरु आई नसकेका कारणले उक्त निर्देशिकालाई अन्तिम रुप दिन बाँकी रहेको छ।

### ४.४ पाठ्यक्रम निर्माण

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारी भर्नाका लागि सर्वप्रथम नभै नहुने विषय परीक्षाको पाठ्यक्रम नै हो। तसर्थ आयोगले ऐन तथा नियमावलीको प्रावधानमा रहेर पाठ्यक्रम निर्माणको कामलाई अगाडि बढाइरहेको छ। प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ६ बमोजिम आयोगका सदस्य बाबुराम गौतमको संयोजकत्वमा गठन भएको पाठ्यक्रम निर्माण समितिले लोक सेवा आयोगको प्रचलित पाठ्यक्रमको आधार लिई सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालयका प्रतिनिधिहरु र सम्बन्धित विषयसँग सम्बन्धित विज्ञहरुको राय सुझाव लिई प्रदेशसँग सान्दर्भिक समसामायिक विषयवस्तु समावेश गरी हालसम्म स्वास्थ्य सेवा अन्तर्गत जनरल मेडिसिन, दन्त चिकित्सक र आयुर्वेद चिकित्सक आठौं तह, इन्जिनियरिङ्ग सेवा, सिभिल समूह तर्फ जनरल, हाइवे, हाइड्रोपावर, इरिगेशन, स्यानिटरी र विल्डिङ्ग एण्ड आर्किटेक्ट सातौं तह र प्रशासन सेवाको सामान्य प्रशासन समूह पाँचौ तह र लेखा समूह पाँचौ तहको पाठ्यक्रम निर्माण गरी आयोगले स्वीकृत गरेको छ।

## ४.५ प्रदेश स्तरमा अन्तरक्रिया गोष्ठी सञ्चालन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५९ बमोजिम आयोगले गर्न सक्ने प्रवर्धनात्मक कार्यक्रम अन्तर्गत प्रदेश सरकारसँग अन्तरक्रियात्मक गोष्ठीहरुको सञ्चालन गरेको छ । २०७६ मंसिर २४ गते माननीय मुख्यमन्त्री शंकर पोखरेलको प्रमुख आतिथ्यमा प्रदेश सभाका माननीय सभामुख, उपसभामुख, माननीय मन्त्रीहरु, प्रदेश सभामा विषयगत समितिका माननीय सभापतिहरु, प्रदेशका प्रमुख सचिव, मुख्यन्यायाधिवक्ता, प्रदेश योजना आयोगका उपाध्यक्ष एवम् विभिन्न मन्त्रालयका सचिवहरु समेतको उपस्थितिमा प्रदेश लोक सेवा आयोगको काम कर्तव्य र भावी कार्य दिशा सम्बन्धमा वृहद् अन्तरक्रिया गोष्ठीको आयोजना गरियो । सो कार्यक्रममा नेपाल सरकारका सेवा निवृत्त सचिव एवम् लोक सेवा आयोगका पूर्व सदस्य डा. गोविन्द प्रसाद कुसुम र प्रदेश लोक सेवा आयोगका सदस्य बाबुराम गौतमबाट एक/एक वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । साथै सहभागीहरुले कार्यपत्रमाथि टिप्पणी गर्दै आयोगलाई सवल, सक्षम र सुदृढ बनाउनु पर्ने विषयमा आ-आफ्ना राय, सुझाव र भनाइहरु राख्नु भएको थियो ।

## ४.६ लोक सेवा आयोगसँग समन्वय र सहयोग

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० बमोजिम आयोगले समान उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थासँग समन्वय वा आपसी सम्बन्ध र सहयोग लिन सक्ने प्रावधान रहेको छ । आ.व. २०७६/०७७ मा प्रदेश लोक सेवा आयोगका अध्यक्षको नेतृत्वमा सदस्य र कर्मचारी समेतको भ्रमण टोलीबाट लोक सेवा आयोगमा दुई पटक गई आयोगले सम्पादन गर्ने काम कारवाहीका विधि प्रक्रियाका विषयमा छलफल गरी आयोगका लागि आवश्यक हुने कानूनी र कार्य सञ्चालन निर्देशिका लगायतका सामग्रीहरुको संकलन समेत गरिएको छ । मिति २०७६।०६।१६ मा लोक सेवा आयोगका अध्यक्ष उमेश प्रसाद मैनाली, सदस्य कृष्णचन्द्र झा, सचिव आनन्दराज ढकाल र उपसचिव डिल्लीराज पोखरेल समेतबाट प्रदेश लोक सेवा आयोग बुटवलको निरीक्षण भई सल्लाह सुझाव प्रदान गर्नु भएको छ । यस अघि २०७६।०५।२३ मा लोक सेवा आयोगका सदस्य अशोक कुमार झा र मुख्यमनोविज्ञानवेत्ता डा. खगेन्द्र प्रसाद सुवेदीबाट प्रदेश लोक सेवा आयोगको स्थलगत भ्रमण गरी यस आयोगलाई लोक सेवा आयोगका अनुभवका साथै कार्यदक्षता, कार्यक्षमता, गुणस्तर आदि विषयमा राय सुझाव दिनु भएको थियो ।

यसै गरी प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले २०७६ फागुन १४ र १५ गते हेटौडामा आयोजना गरेको अन्तर प्रदेश लोक सेवा आयोग प्रथम कार्यशाला गोष्ठीमा यस प्रदेशबाट अध्यक्ष, सदस्य, नि.सचिव र शाखा अधिकृतको टिम सहभागी भई आयोग गठन भएका चार प्रदेशका पदाधिकारी

र कर्मचारीहरु तथा गठन नभई सकेका प्रदेश सरकारका प्रतिनिधि समेतको उपस्थितिमा आयोगको कार्यक्षेत्र, कार्यविधि आपसी सहकार्य र सहयोगको विषयमा भएको कार्यशालाबाट ज्ञान, सिप र अवधारणा उपलब्ध भएको छ ।

## ४.७ जिल्ला स्तरमा अन्तरक्रिया गोष्ठी सञ्चालन

प्रदेश लोक सेवा आयोगका काम, कर्तव्य, अधिकार र कार्यविधि समेतको जानकारी गराउने र प्रदेश सरकार मातहतका कार्यालय एवम् स्थानीय तहहरुमा जनशक्तिको वितरण, पदपूर्ति, सेवा प्रवाह आदिका विषयमा आयोग आफैं पनि जानकार हुने र तत् तत् कार्यालय र तहहरुको अवस्था पहिचान गर्ने उद्देश्यका साथ आयोगले प्रदेश भित्रका आठ जिल्लाहरुमा अन्तरक्रिया गोष्ठी सञ्चालन गरेको छ । रुपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, दाङ्ग, बाँके र बर्दियामा जिल्ला समन्वय समितिको समन्वयमा कार्यक्रम सञ्चालन भएका छन् ।

### ४.७.१ **गोष्ठीका उद्देश्यहरु**

उक्त जिल्ला स्तरीय अन्तरक्रिया गोष्ठीहरुको उद्देश्य प्रदेश सरकार मातहतका जिल्लामा रहेका कार्यालयहरु एवम् स्थानीय तहहरुलाई प्रदेश लोक सेवा आयोगको कार्य क्षेत्र, यसका काम, कर्तव्य र अधिकार, यसको कार्य प्रक्रियाका बारेमा अभिमुखीकरण गर्ने रहेको थियो ।

साथै जिल्लामा रहेका प्रदेश सरकार अन्तर्गतका कार्यालयहरु एवम् स्थानीय तहहरुमा कर्मचारीको विभिन्न सेवा, समूह र तहका स्वीकृत दरवन्दी संख्या, पदपूर्तिको अवस्था, रिक्त पदहरुको अवस्था, संगठन संरचना स्थानीय तहको आवश्यकता बमोजिम भए नभएको आदि विषयमा छलफल र विश्लेषण गर्नु रहेको थियो ।

### ४.७.२ **गोष्ठीका विषयवस्तुहरु**

निम्न विषयहरु गोष्ठीमा प्रस्तुत गरी छलफल भएका थिएः

- प्रदेश लोक सेवा आयोग सम्बन्धी नेपालको संविधानमा भएको व्यवस्था
- आयोगको गठन भई कार्यालय सञ्चालन भएपछि हालसम्मको वर्तमान अवस्था
- प्रदेश लोक सेवा आयोग सम्बन्धी संघीय मापदण्डमा उल्लेख भएका प्रावधानहरु
- प्रदेश लोक सेवा आयोगको आगामी दिनको मार्गचित्र
- प्रदेश सरकार र स्थानीय तह बीचको अन्तर सम्बन्धका क्षेत्र र विषयहरु
- परिवर्तित सन्दर्भमा प्रदेश सरकार मातहतका जिल्ला स्थित कार्यालय र स्थानीय तहहरुको कर्मचारी व्यवस्थापन र यसमा देखिएका चुनौतीहरु

- कर्मचारीको कार्यविवण र पाठयक्रम बीचको अन्तर सम्बन्ध, सिद्धान्त र व्यवहार
- स्थानीय तहमा कार्य सम्पादनको अवस्था र कार्य सम्पादनमा देखिएका समस्याहरु
- समाधानका लागि सुझावहरु

**४.७.३ गोष्ठीमा सहभागिता**

आयोगद्वारा सञ्चालन गरिएका जिल्ला स्तरीय अन्तरक्रिया गोष्ठीहरुमा देहाय बमोजिम सहभागिता रहेको थियो ।

- जिल्ला समन्वय समितिबाट जिल्ला समन्वय प्रमुख र उपप्रमुखहरु, जिल्ला समन्वय अधिकारीहरु
- उपमहानगरपालिका, नगरपालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत एवम् प्रशासन शाखाका प्रमुखहरु
- गाँउ पालिकाका अध्यक्ष, उपाध्यक्षहरु र प्रमुख प्रशासकीय अधिकृत एवम् प्रशासन शाखाका प्रमुखहरु
- प्रदेश सरकारका जिल्ला स्थित कार्यालयका कार्यालय प्रमुख एवम् प्रतिनिधिहरु

**४.७.४ सहभागीहरुको संख्यात्मक विवरण**

- जिल्ला समन्वय समितिका प्रमुखहरु ७ (सात), उपप्रमुखहरु ८ (आठ)
- नगरपालिकाका प्रमुखहरु १० (दश), उपप्रमुखहरु ११ (एघार)
- गाउँपालिकाका अध्यक्षहरु ३५ (पैतीस), उपाध्यक्षहरु ४० (चालीस)
- जिल्ला समन्वय अधिकारी ८ (आठ)
- प्रदेशस्तरका कार्यालय प्रमुखहरु ५६ (छपन्न)
- स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु ४६ (छयालीस) र अन्य १०२ (एक सय दुई) गरी जम्मा ३२४ (तीन सय चौबिस) जनासँग ८ (आठ) ओटा अन्तरक्रिया गोष्ठी सम्पन्न गरिएको छ ।

**४.७.५ गोष्ठीमा आयोगबाट सहभागिता**

जिल्लास्तरका अन्तरक्रिया गोष्ठीहरुमा प्रदेश लोक सेवा आयोगबाट आयोगका अध्यक्ष प्रा. डिलाराम भट्टराई, सदस्य बाबुराम गौतम, निमित्त सचिव एवम् शाखाका कर्मचारीहरु गरी प्रत्येक जिल्लामा बढीमा ५ (पाँच) जना सहभागी भई कार्यपत्रहरु प्रस्तुति एवम् अन्तरक्रिया गोष्ठी सञ्चालन गरिएको हो ।

**४.७.६ गोष्ठीका छलफलका मुख्य बुँदाहरु**

प्रदेश लोक सेवा आयोगका तर्फबाट दुईवटा कार्यपत्र प्रस्तुति गरेपछि देहायका विषय वस्तुमा केन्द्रीत भई सहभागीहरुसँग अन्तरक्रिया एवम् छलफल गरिएको थियो ।

**(क) नगरपालिका तथा गाउँपालिकाका पदाधिकारीहरुका लागि**

- आफ्नो कार्यालयको महाशाखा/शाखा तथा सेवा, समूह, तह र पद अनुसारको कार्यविवरण तयार गरिएको छ छैन ?
- रिक्त रहेका पदहरुको पदपूर्ति सम्बन्धी केही पहल गर्नु भएको छ वा छैन ?
- यहाँको स्थानीय तहमा कामको प्रकृति के-कस्तो रहेको छ ? आगामी दिनमा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई के-कस्तो सेवाको, ज्ञान, सीप, आचरण भएको कर्मचारी आउँदा काममा सहजता होला भन्ने अपेक्षा गर्नु भएको छ ?

**(ख) प्रदेश कार्यालय तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुका लागि**

- तपाईले परीक्षा तयारी गर्दा पढेको लोक सेवा आयोगको पाठयक्रम र परीक्षा प्रणालीबाट हाल गरिरहनु भएको काममा कतिको सहयोग पुगेको मान्नु हुन्छ ? पाठयक्रम र गर्नु पर्ने काम बीच तालमेल छ वा छैन, नभएमा के-कस्ता सुधार गर्न सकिन्छ ?
- प्रदेश तथा स्थानीय तहहरुमा कार्यरत कर्मचारीहरुको सेवा शर्त, नियुक्ति, सरुवा, बढुवा तथा विभागीय कारवाही सम्बन्धमा समानता ल्याउन प्रदेश लोक सेवा आयोगको कस्तो भूमिका रहोस भन्ने चाहनुहुन्छ ?
- प्रदेश लोक सेवा आयोगले अव लिने परीक्षा तथा पदपूर्ति प्रणालीमा यहाँको कार्य प्रकृति अनुसार परीक्षाको पाठ्यक्रममा के-कस्तो सुधार गरिएमा बढी वैज्ञानिक, व्यवहारिक र सेवामुखी बनाउन सकिएला ?

**४.७.७ जनप्रतिनिधिहरुबाट उठाइएका मुख्य बुँदाहरु**

- स्थानीय तहहरुमा रिक्त रहेका कर्मचारीको पदपूर्ति छिटो हुनुपर्ने ।
- कर्मचारीहरुको सरुवा, बढुवा प्रदेश भित्रका समान तहका पदमा निश्चित अवधि पछि हुन सक्ने गरी व्यवस्था गर्नु पर्ने ।
- कर्मचारीको लागि क्षमता वृद्धि तालिमहरु समय समयमा हुनु पर्ने ।
- स्थानीय तहका कर्मचारीको वृत्ति विकासका अवसरहरु फराकिलो र अनुमानयोग्य हुनु पर्ने ।
- प्रदेश र स्थानीय तहमा कर्मचारी पदपूर्ति गरी समावेशी र बढुवाको संख्या निश्चित गर्दा सकभर प्रदेश भरको वा जिल्ला भरको एकमुष्ट गणना गरी प्रतिशत निर्धारण गर्नु पर्ने ।
- स्थानीय तहमा थप अमिन, कानून अधिकृत र खरिद विज्ञ कर्मचारी खटाउनु पर्ने ।

४.७.८ **कर्मचारीहरुबाट उठाइएका मुख्य बुँदाहरु**

- प्रदेश स्तरका कार्यालय र स्थानीय तहको कर्मचारी संगठन संरचना पुनरावलोकन गरी कार्यक्षेत्र र कार्यचापको आधारमा विभिन्न सेवा, समूह, उपसमूह र तहका पदको दरवन्दी निर्धारण गरिनु पर्ने ।
- प्रदेश र स्थानीय तहबाट निर्माण हुने कर्मचारी सम्बन्धी ऐन, नियममा कर्मचारीको मनोबल बढाउन वृत्ति विकास र सेवा सुविधाका प्रावधानहरु आकर्षक हुनु पर्ने ।
- कर्मचारीलाई कामसँग सम्बन्धित तालिम प्रदान गरिनु पर्ने ।
- प्रदेश भरको प्रदेश र स्थानीय तहको कर्मचारी दरवन्दीलाई एकमुष्ट गणना गरी सम्बन्धित सेवा, समूह, उपसमूह र तहका बढुवाको प्रतिशत निर्धारण गर्नु पर्ने ।
- प्रदेश कर्मचारी स्थानीय तहमा र स्थानीय तहको कर्मचारी प्रदेशमा एउटा तहमा निश्चित समयावधि बसे पछि अर्को तह र प्रदेश स्तरमा सरुवा हुन र बढुवा भई पदस्थापना हुन पाउने प्रावधान रहुन पर्ने ।

उपर्युक्त विषय वस्तुसँग सम्बन्धित छलफलमा उठेका विषय वस्तुमा केन्द्रीत भई आयोगका अध्यक्ष प्रा.डिलाराम भट्टराईले सुझाव सहित आफ्नो मन्तव्य प्रस्तुत गर्नु भएको थियो ।

४.७.९ **जनशक्ति सम्बन्धी समस्याहरु**

(क) **प्रदेश स्तरका कार्यालयसँग सम्बन्धित**

- सेवाको चाप बमोजिम जनशक्ति कम रहेको ।
- प्रशासनिक र प्राविधिक जनशक्तिको उपयुक्त अनुपात नमिलेको ।

(ख) **स्थानीय तहहरुसँग सम्बन्धित**

- अमिन, खरिद विज्ञ, कानून अधिकृत जस्ता कर्मचारी नभएकोले काममा बाधा परेको ।
- हाल संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरवन्दी नपुग रहेको ।
- लोक सेवा आयोगबाट छनौट गरी स्थानीय तहलाई सिफारिस गरिएका कर्मचारीले कुनै पनि तालिम नपाएको र स्थानीय तहमा गर्नु पर्ने कामसँग सम्बन्धित ज्ञान, सीप नभएको हुँदा कार्य सम्पादनमा कठिनाइ भएको ।

### ४.७.१० जनशक्ति सम्बन्धी समस्या समाधान लागि सुझाव

**(क) प्रदेश कार्यालयहरुसँग सम्बन्धित**

- सांगठनिक संरचना पुनरावलोकन गरी कर्मचारीको दरवन्दी वितरणलाई व्यवस्थित गर्नु पर्ने ।
- प्राविधिक विषयका कार्यालय प्रमुखहरुलाई खरिद प्रक्रिया, लेखा प्रणाली र प्रशासनिक व्यवहार सम्बन्धी तालिम प्रदान गर्नु पर्ने ।

**(ख) स्थानीय तहहरुसँग सम्बन्धित**

- नापी, कानून र इन्जिनियरिङ्ग सेवाको कर्मचारीको व्यवस्था हुनु पर्ने ।
- निश्चित अवधिसम्म स्थानीय तहमा रही काम गरे पछि अन्यत्र स्थानीय तह वा प्रदेशमा सरुवा हुन सक्ने गरी व्यवस्था गर्नु पर्ने ।

## ४.८ प्रकाशन

आ.व. २०७६।०७७ मा आयोगले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को एकीकृत पुस्तक र आयोगको अर्धवार्षिक समाचार पत्र (२०७६ श्रावण - २०७६ माघ) प्रकाशन गरेको छ ।

## ४.९ दक्ष/विज्ञ/विशेषज्ञको रोष्टर निर्माण

२०७६।७।२९ मा बसेको आयोगको पहिलो बैठकबाट आयोगलाई आवश्यक हुने विज्ञको विवरण संकलनका लागि निवेदन फारम स्वीकृत गर्नुका साथै मिति २०७६।९।१४ को बैठकबाट प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समह, उपसमूहका तहका पदको पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परिक्षण, सीप परीक्षण, समूह छलफल तथा अन्तर्वार्ता प्रयोजनका लागि दक्ष/विज्ञ/विशेषज्ञको योग्यता तोकी विभिन्न सम्वद्ध क्षेत्रका दक्ष/विज्ञ/विशेषज्ञहरुको विवरण संकलन गरी रोष्टर सूची तयारी गर्ने कार्य भई रहेको छ। २०७७ आषाढ मसान्तसम्म १६० जना दक्ष/विज्ञ/विशेषज्ञको रोष्टर सूची तयार भएको छ र सो कार्य निरन्तर भई रहेको छ ।

# परिच्छेद ५

## सुझावहरु

### ५.१ सुझावहरु

नेपालको संविधान, प्रचलित कानूनमा भएका प्रावधानहरु तथा प्रदेश र जिल्लाहरुमा गरिएका अन्तरक्रियात्मक गोष्ठीहरुबाट प्राप्त भएका सुझावहरुका आधारमा देहाय बमोजिम मुख्य सुझावहरु सम्बन्धित क्षेत्रको लागि प्रस्तुत गरिएका छन् । उक्त कार्यक्रमका केही तस्वीरहरु अनुसूची २ मा दिइएका छन् ।

क) प्रदेश निजामती सेवा ऐन र  प्रदेश प्रहरी ऐन यथाशीघ्र निर्माण गर्नु पर्ने ।

ख) नेपालको संविधानको धारा २२७ मा "**गाउँ पालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्वन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ**" भन्ने व्यवस्था भएकाले प्रदेश सरकाले स्थानीय तहमा व्यवस्थापन गर्नु पर्ने कर्मचारी सम्वन्धी स्थानीय सरकारी सेवा ऐन बनाइदिनु पर्ने ।

ग) नेपालको संविधानको धारा २८५ (३) मा "**प्रदेश मन्त्रिपरिषद्, गाउँ कार्यपालिका र नगरकार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्न सक्नेछन्**" भन्ने व्यवस्था भएकाले प्रदेश कानून आइसकेपछि स्थानीय तहहरु गाउँपालिका र नगरपालिकाले उक्त कानून बमोजिम नै विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्ने मार्ग प्रशस्त हुने हुँदा उक्त कानून निर्माण यथाशीघ्र गर्नु पर्ने ।

घ) प्रदेश निजामती सेवा ऐन बनेमा प्रदेश तहका कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा अन्य वृत्ति विकास लगायतका विषयमा स्पष्ट कानूनी प्रावधानहरु भई प्रदेश सरकार र प्रदेश लोक सेवा आयोगलाई काम गर्न मार्ग प्रशस्त हुने र जनशक्ति व्यवस्थापनमा सहज हुने ।

ङ) स्थानीय तहका कर्मचारीहरुको एकमुष्ट अभिलेख आवश्यक हुनाले प्रदेशस्तर वा तत् तत् स्थानीय स्तरमा पद दर्ता देखि लिएर आवश्यक विवरण राख्ने व्यवस्था गर्नु पर्ने हुँदा प्रदेश स्तरमा निजामती कर्मचारी किताबखानाको स्थापना गर्ने र स्थानीय तहहरुका संगठन तालिकामा शाखा तोकी तत् सम्बन्धी काम गर्नु पर्ने ।

च) स्थानीय तहहरुका सेवारत कर्मचारीहरुलाई सेवाकालीन तालिम दिनुका साथै प्रदेश लोक सेवा आयोगबाट सिफारिश भएपछि पदको कार्यविवरण र सम्पादन गर्नु पर्ने कार्यसँग मिल्दोजुल्दो पाठ्यक्रम निर्माण गरी सेवा प्रवेश तालिम दिएर काममा लगाउँदा परिणाम प्राप्त गर्न सहज हुने ।

छ) प्रदेश अन्तर्गत विभिन्न मन्त्रालय, आयोग, सचिवालय, विभाग, निर्देशनालय, डिभिजन कार्यालय र अन्य कार्यालयहरु तथा स्थानीय तहहरुमा कार्यरत कर्मचारीहरुलाई समय समयमा तालिम दिई ज्ञान, सीप प्रदान गर्न आवश्यक हुँदा प्रदेश स्तरमा एक तालिम प्रतिष्ठान गठन गरी क्रियाशील बनाउनु पर्ने ।

ज) प्रदेश लोक सेवा आयोग भर्खरै स्थापना भएको हुँदा पदपूर्ति प्रकृयामा पाठ्यक्रम निर्माण, गोप्यतापूर्वक परीक्षा सञ्चालन र सिफारिस, परामर्श आदि काम गर्न आयोगका पदाधिकारी तथा कर्मचारीहरु बढी सक्षम होउन् भन्ने उद्देश्यले अभिमुखीकरण एवं तालिम कार्यक्रमहरु सञ्चालन गर्न मनासिव हुने ।

झ) प्रदेश लोक सेवा आयोगले आफ्नो काम कर्तव्य सम्पादन गर्न भौतिक पूर्वाधार र उचित जनशक्ति आवश्यक हुने हुँदा प्रदेश सरकारले पदपूर्तिका लागि अनुरोध गर्नु अघि आवश्यक पर्ने भवन, थप जनशक्ति र अन्य श्रोत साधनको व्यवस्था गर्न वाञ्छनीय रहेको ।

ञ) प्रदेश लोक सेवा आयोग भर्खरै स्थापना भएको संस्था हुनाले यसले गर्नु पर्ने कामको प्रकृति अनुसार यसका पदाधिकारी र कर्मचारीहरुलाई लोक सेवा आयोगले कार्यक्रमहरुको आयोजना गरी क्षमता विकास गर्नमा सहयोग गर्न मनासिव हुने हुँदा सोही व्यहोरा खुलाई लोक सेवा आयोगमा अनुरोध गर्ने । साथै समय समयमा लोक सेवा आयोगका अध्यक्ष, सदस्यहरु, विज्ञ कर्मचारीहरु तथा विशेषज्ञहरुलाई आमन्त्रण गरी विषयवस्तुसँग सम्वद्ध प्रवचन र कार्यक्रम प्रस्तुति गर्न अनुरोध गरी प्रदेश स्तरमा सरोकारवालाहरुको उपस्थितिमा जानकारी गर्ने गराउने कार्य गर्न मनासिव हुने ।

अनुसूची १

## कार्यरत कर्मचारीहरुको नामावली

| क्र.स. | नाम, थर | पद | तह |
|---|---|---|---|
| १. | सूर्य प्रसाद भुसाल | नि. सचिव | अधिकृतस्तर दशौं तह |
| २. | केशव घिमिरे | अधिकृत | अधिकृतस्तर सातौं तह |
| ३. | शिवहरि ज्ञवाली | अधिकृत | अधिकृतस्तर छैठौं तह |
| ४. | वेद प्रसाद सुवेदी | कम्प्युटर अधिकृत | अधिकृतस्तर छैठौं तह |
| ५. | सीता मरासिनी | अधिकृत (लेखा) | अधिकृतस्तर छैठौं तह |
| ६. | विष्णु प्रसाद आचार्य | कम्प्युटर अधिकृत | अधिकृतस्तर छैठौं तह |
| ७. | पार्वती ज्ञवाली | सहायक | सहायक पाँचौ तह |
| ८. | शान्ता गौतम | कार्यालय सहयोगी | करार |
| ९. | शंकर पन्थी | कार्यालय सहयोगी | करार |
| १०. | लक्ष्मण गैरे | ह.स.चा. | करार |
| ११. | जंगविर चौधरी | ह.स.चा. | करार |
| १२. | हरिनारायण चौधरी | ह.स.चा. | करार |

अनुसूची २

# आयोगका विभिन्न गतिविधिहरुका तस्बिरहरु




अध्यक्षज्यूको सपथ ग्रहण कार्यक्रम



सपथ ग्रहण पश्चात मा.मुख्यमन्त्रीज्यूबाट शुभकामना लिदै




सदस्यज्यूले सपथ ग्रहण गर्दै



सपथ ग्रहण पत्रमा दस्तखत गर्दै


आयोगको कार्यालयमा अध्यक्ष तथा सचिवबाट सदस्यको स्वागत गर्दै


सदस्यज्यूको पदभार ग्रहण पश्चात आयोगका पदाधिकारी तथा कर्मचारीहरु



आयोगले सञ्चालन गरेको प्रदेशस्तरीय अन्तरक्रिया गोष्ठी



आयोगले सञ्चालन गरेको प्रदेशस्तरीय अन्तरक्रिया गोष्ठी



लोक सेवा आयोगका मा.अध्यक्ष, मा.सदस्य तथा सचिवज्यू प्रदेश लोक सेवा आयोगको कार्यालयमा



लोक सेवा आयोगका मा.सदस्य लगायत कर्मचारीहरु आयोगको कार्यालयमा




लोक सेवा आयोगका मा.सदस्यज्यूसंग आयोगका कर्मचारीहरुको भेटघाट



सचिव श्री ताराप्रसाद भट्टराईज्यूको विदाई



आयोगले सञ्चालन गरेको जिल्लास्तरीय गोष्ठी (रुपन्देही)




रुपन्देहीमा आयोजित जिल्लास्तरीय गोष्ठी पश्चात



आयोगले सञ्चालन गरेको जिल्लास्तरीय गोष्ठी (नवलपरासी)



आयोगले सञ्चालन गरेको जिल्लास्तरीय गोष्ठी (कपिलवस्तु)



आयोगले सञ्चालन गरेको जिल्लास्तरीय गोष्ठी (दाङ)




आयोगले सञ्चालन गरेको जिल्लास्तरीय गोष्ठी (अर्घाखाँची)



आयोगले सञ्चालन गरेको जिल्लास्तरीय गोष्ठी (पाल्पा)




आयोगले सञ्चालन गरेको जिल्लास्तरीय गोष्ठी (बर्दिया)




आयोगले सञ्चालन गरेको जिल्लास्तरीय गोष्ठी (बाँके)




आयोगको भवन (क)



आयोगको भवन (ख)

प्रदेश लोक सेवा आयोग
प्रदेश नं. ५, बुटवल